**आकाशवाणी समाचार- नेपाली**

मितिः २ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदले आज राष्ट्रिय वन्यजन्तु बोर्डको बैठकको अध्यखता गर्नु हुनेछ।
२. दिल्लीका पर्यावरण मंत्री मनजिन्दर सिंह सिरसाले वायु प्रदुषण्को मुद्दामा अधिकारीहरूसंग भएको बैठकपछि प्रदुष्ण्ण विरोधी धेरै उपायहरूको घोष्णा गर्नुभएको छ। ?
३. आई.सी.सी चैम्पियन ट्रफीमा आज दुबई अन्तराष्ट्रिय क्रिकेट स्टिडियममा भारतको भीडत्रन्त न्युजील्याण्डसित हुनेछ।
४. भारतीय मौसम विज्ञान विभाग आईएमडी ले आज लक्ष्यद्वीपमा केही ठाउँहरूमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।
५. आजबाट रमजानको पवित्र महिना शुरू भईरहेछ।

**प्रधानमन्त्री - गुजरात**

प्रधानमन्त्री नरेन्द्र मोदी हिजो बेलुकी गुजरातको तीन दिवसीय भ्रमणमा जामनगर आइपुग्नुभएको छ। श्री मोदीले आगामी दुई दिनमा धेरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ। आज, श्री मोदीले पशु उद्धार तथा पुनर्वास केन्द्र वान्तराको भ्रमण गर्नुहुनेछ, त्यसपछि सासन गिर राष्ट्रिय उध्यानको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्रीले राष्ट्रिय वन्यजन्तु बोर्ड (NBWL) को एउटा बैठकको पनि अध्यक्षता गर्नुहुनेछ। NBWL मा सेना प्रमुख, विभिन्न राज्यका सदस्यहरू, यस क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरू, प्रमुख वन्यजन्तु संरक्षक र विभिन्न राज्यका सचिवहरू सहित ४७ सदस्यहरू छन्। श्री मोदीले सोमनाथ मन्दिरमा प्रार्थना गर्नुहुनेछ र त्यसपछि मन्दिर व्यवस्थापन गर्ने श्री सोमनाथ ट्रस्टको बैठकको अध्यक्षता गर्नुहुनेछ।

****** ० ******

**उपराष्ट्रपति - केरला**

उपराष्ट्रपति जगदीप धनखड आज केरलाको एक दिवसीय भ्रमणमा जानुहुनेछ। भ्रमणको क्रममा, उपराष्ट्रपतिले तिरुवनन्तपुरममा भारतीया विचारकेन्द्रमद्वारा आयोजित चौथो पी. परमेश्वरन स्मृति व्याख्यानलाई सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**दिल्ली-प्रदूषण उपायहरू**

राष्ट्रिय राजधानीमा वायु प्रदूषणको स्तरलाई नियन्त्रण गर्न, दिल्ली सरकारले आगामी ३१ मार्च पछि १५ वर्षभन्दा पुराना सवारी साधनहरूले पेट्रोल पम्पहरूमा इन्धन नपाउने निर्णय गरेको छ। दिल्लीका पर्यावरण मन्त्री मनजिंदर सिंह सिरसाले वायु प्रदूषणको मुद्दामा अधिकारीहरूसित गर्नुभएको बैठकपछि प्रदूषण विरोधी धेरै उपायहरूको घोषणा गर्नु भएको छ। बैठकपछि मिडियासित कुराकानी गर्नुहुँदै श्री सिरसाले भन्नुभयो कि सरकारले पेट्रोल पम्पहरूमा १५ वर्षभन्दा पुराना सवारी साधनहरू चिन्हित गर्ने ग्याजेटहरू जडान गरिरहेको छ। मन्त्रीले यस्ता सवारी साधनहरू चिन्हित गरी शहरमा प्रवेश निषेध गर्न एउटा टोली गठन गरिने घोषणा पनि गर्नुभएको छ।

****** ० ******

**रमजान**

शुक्रबार चन्द्रमा नदेखिएपछि आज देशभरीमा पवित्र रमजान महिना सुरु भइरहेको छ। आज व्रत महिनाको पहिलो दिन हो। रमजान महिनाभरि मानिसहरूले "त्रावीह" भनिने विशेष रात्रि नमाज पढ्नेछन्। इद-उल-फित्र उपवास महिनाको अन्त्यमा मनाइनेछ। खाडी देशहरूमा हिजोदेखि नै रमजान महिना शुरु भएको छ।

****** ० ******

**इजरायल- हमास**

इजरायल र हमास बीच गाजामा भएको पहिलो चरणको युद्धविराम हिजो समाप्त भएको छ भने, दोस्रो चरणको बारेमा अनिश्चितता कायम रहेको छ। पहिलो चरणको युद्धविराम बढाउने इजरायलको प्रस्ताव अस्वीकार गरेपछि हमासले दोस्रो चरणको लागि कुनै वार्ता नभएको बताएको छ। यससँगै, युद्धविराम वार्ताको लागि इजिप्ट गएको इजरायली प्रतिनिधिमण्डल कुनै ठोस प्रगति बिना नै कायरोबाट फर्किएको छ।

****** ० ******

**GST**

भारतको कुल वस्तु तथा सेवा कर, GST, सङ्कलन गत महिना फेब्रुअरीमा गत वर्षको यसै महिनाको तुलनामा ९.१ प्रतिशतले बढेर १.८४ लाख करोड रुपैयाँ पुगेको छ। फेब्रुअरी महिना १.७ लाख करोड रुपैयाँभन्दा अधिक सङ्कलनको लगातार १२ औं महिना हो। फिर्ता छुट दिएपछि, फेब्रुअरीमा GST सङ्कलन ८.१ प्रतिशतले बढेर लगभग १.६३ लाख करोड रुपैयाँ पुगेको छ। कुल GST राजस्वमा घरेलु राजस्वमा १०.२ प्रतिशतले वृद्धि भई १.४२ लाख करोड रुपैयाँ र आयातबाट हुने राजस्वमा ५.४ प्रतिशतले वृद्धि भई फेब्रुअरीमा ४१,७०२ करोड रुपैयाँ पुगेको छ।

****** ० ******

**जेलेन्स्की-स्टार्मर**

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले हिजो लन्डनमा ब्रिटिनको प्रधानमन्त्री केयर स्टारमरसित भेट गर्नुभयो। बैठकको क्रममा, ब्रिटिनले युक्रेनलाई २.८ अर्ब अमेरिकी डलर ऋण प्रदान गर्न सहमति जनाएको छ। राष्ट्रपति जेलेन्स्कीले यस ऋणले युक्रेनको रक्षा क्षमता बढाउने बताउनुभएको छ। श्री जेलेन्स्कीले अझ बताउनुभयो कि यो रकम युक्रेनमा हतियार उत्पादनको लागि खर्च गरिनेछ।

****** ० ******

**उत्तराखण्ड - माना उद्धार अपडेट**

उत्तराखण्डको चमोली जिल्लाको माना गाउँमा हिमपहिरोबाट हालसम्म ५० जना मानिसलाई सुरक्षित उद्धार गरिएको छ भने बाँकी ५ जनाको खोजी कार्य जारी छ। यसैबीच, चार जना घाइतेहरुको मृत्यु भएको पुष्टि भएको छ।

****** ० ******

**क्रिकेट**

आइसीसी च्याम्पियन्स ट्रफीमा आज दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टिडियममा भारतको भिड़ान्त न्युजिल्याण्डसित हुनेछ। खेल भारतीय समय अनुसार दिउँसो २ बजेर ३० मिनटमा शुरु हुनेछ। दुवै टोलीले सेमिफाइनलमा स्थान सुरक्षित बनाइसकेको छ भने यस खेलले समूह-ए को शीर्ष टोलीको निर्धारण गर्नेछ। विजेता टोली आगामी मंगलबार सेमिफाइनलमा अष्ट्रेलियासित भिड्नेछ भने पराजित हुने टोलीको आगामी बुधबार दक्षिण अफ्रिकासित भिड़ान्त हुनेछ। यसैबीच, हिजो राति कराँचीमा भएको खेलमा दक्षिण अफ्रिकाले इङ्गल्याण्डलाई सात विकेटले पराजित गर्दै च्याम्पियन्स ट्रफीको सेमिफाइनलमा प्रवेश गरेको छ।

****** ० ******

**IMD-मौसम**

भारतीय मौसम विज्ञान विभाग (IMD) ले आज लक्षद्वीपका केही ठाउँहरूमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। विभाग अनुसार आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, अरुणाचल प्रदेश, केरला र माहेका केही भागहरूमा आज मेघगर्जन साथ तेज हावा चल्न सक्नेछ। तटीय कर्नाटक क्षेत्रमा दिनभरि गर्मीको लहर जारी रहने पनि विभागले बताएको छ।

****** ० ******

**दुबई ओपन टेनिस - फाइनल**

टेनिसमा, भारतका युकी भाम्ब्री र उनका साथी अष्ट्रेलियाका एलेक्सी पोपिरिनले दुबई टेनिस च्याम्पियनसिपमा डबल्सको उपाधि जितेका छन्। हिजो राति दुबईमा भएको पुरुष युगलको फाइनल खेलमा भारतीय-अस्ट्रेलियाली जोडीले दोस्रो वरीयता प्राप्त फिनल्याण्डका ह्यारी हेलियोवारा र बेलायतका हेनरी प्याटनको जोडीलाई ३-६, ७-६, १०-८ ले पराजित गरे।यो सिजनको भारतको पहिलो एटीपी उपाधि थियो। यसैबीच, यो युकीको करियरको चौथो एटीपी डबल्स उपाधि र एटीपी ५०० प्रतियोगितामा उनको पहिलो जित हो। उनका अघिल्ला तीनवटै २५० को स्तरमा थिए। यसअघि, भाम्ब्री र पोपिरिनले सेमिफाइनलमा ब्रिटिश-अस्ट्रेलियाली जोडी जेमी मरे र जोन पियर्सलाई हराउँदै उपाधि भिडन्तमा पुगेका थिए।

****** ० ******